नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८२।०८३

चलानी नं.: २२३

मितिः २०८२।१२।१०

विषयः जानकारी गराईएको ।

श्री स्थानीय तह

(मनाङ र मुस्ताङ जिल्लाका बाहेक) सबै ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको प. सं. २०८२।०८३, च. नं. ८७८, मिति २०८२।१२।०९ को स्थानीय तहमा परिपत्र गरिदिने सम्बन्धी पत्र संलग्न छ । सो सम्बन्धमा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता भएका पीडित परिवारको लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विषयमा आ.व. २०८३/०८४ को वार्षिक बजेटमा कार्यक्रम समावेश गर्नका निमित्त स्थानीय तहमा लेखी पठाउन आयोगमार्फत मिति २०८२/१२/०९ मा भएको निर्णय आवश्यक जानकारी एवं कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

१२/१०

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल,

भद्रकाली प्लाजा, काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः मनाङ र मुस्ताङ जिल्लाका बाहेकका सबै गाउँपालिका, नगरपालिकामा ईमेलमार्फत पत्र प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

नेपाल

प.सं. ०८२/८३
च.नं. ८७८

मिति:२०८२/१२/०९

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३०६३
दर्ता मिति:- १२/१४

विषयः स्थानीय तहमा परिपत्र गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको व्यक्ति बेपत्ता पार्ने कार्यको घटनाबाट बेपत्ता भएका पीडित परिवारको लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायत विभिन्न विषयमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यक्रम तथा बजेट समावेश गरि सहयोग गरिदिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत मनाङ र मुस्ताङ बाहेक अन्य सबै जिल्लाका स्थानीय तहमा लेखि पठाउने भनि आयोगको मिति २०८२/१२/०९ मा निर्णय भएकोले सो विषयमा सबै स्थानीय तहमा परिपत्र गरिदिनु हुन निर्णयानुसार अनुरोध छ।

कृष्ण राज जोशी
शाखा अधिकृत

"मर्यादाका लागि सत्य-तथ्य, न्याय र परिपुरण"

फोन नं.: ०१-५९०३७९५, ०१-५३५०६९६
वेवसाइट: https//www.ciedp.gov.np
इ-मेल: ciedpnepal@gmail.com
टोल फ्रि नं.: १६६०-०१-२२१११
भद्रकाली प्लाजा, काठमाडौं